नेपाली राजदूतावास
Embassy of Nepal
Guerickestrasse 27
10587 Berlin-Charlottenburg
Federal Republic of Germany
Tel.: (030) 34 35 99 -20, -21, -22
Fax: (030) 34 35 99 - 06
Email: berlin@nepalembassy.de

नेपाली राजदूतावास
बर्लिन

# प्रेस विज्ञप्ती

नेपाल जर्मनी विकास सहायता सम्बन्धी वार्ता जर्मनीको बर्लिनमा सेप्टेम्बर १९-२०, २०१८ मा सम्पन्न भयो । जर्मनी सरकारबाट आगामी दुई वर्षका लागि वित्तीय तथा प्राविधिक सहायता गरी जम्मा यूरो ५५.६ मिलियन (करीब ७ अर्ब ५० करोड नेपाली रुपैया)बराबर अनुदान सहायताको प्रतिवद्धता प्राप्त भयो । यसैगरी उर्जा दक्षता कार्यक्रम अन्तरगत लेखनाथ दमौली २२० केभी प्रसारण लाईन परियोजना निर्माणको लागि थप १५ मिलियन यूरो सहित जम्मा ३१ मिलियन यूरो अनुदान सहायता प्रदान गर्ने संझौतामा हस्ताक्षर भयो । उक्त संझौतामा नेपालको तर्फबाट अर्थ मन्त्रालयका सहसचिव श्री श्रीकृष्ण नेपाल र जर्मनी सरकारको तर्फबाट केएफ डब्लु विकास बैंकको दक्षिण एसिया क्षेत्रीय व्यवस्थापक Ms. Yasmin Tawfik ले हस्ताक्षर गर्नु भएको थियो ।

उक्त वार्तामा जर्मनी सरकारबाट उर्जा, स्वास्थ्य तथा दीगो आर्थिक विकासका क्षेत्रमा जारी आयोजनाहरुलाई निरन्तरता दिदै थप आयोजनाको लागि समेत प्रतिवद्धता प्राप्त भयो ।

जर्मनी सरकारबाट नेपाललाई नवीकरणीय उर्जा, स्वास्थ्य, नगर विकास, शान्ति कोष, भुकम्पपछिको पुनर्निर्माण तथा दीगो आर्थिक विकासका क्षेत्रमा प्राप्त सहयोगको लागि नेपाली पक्षबाट धन्यवाद व्यक्त गरीयो ।

वार्ताकै क्रममा नेपाली प्रतिनिधिमण्डलबाट बर्लिन हाउस अफ रिप्रिजेन्टेटिभका सदस्य Dr. Robbin Juhnke तथा Federal Representation of the Federal State of North-Rhine Westphalia का पदाधिकारी लगायतसंग शिष्टाचार भेट गरी संघीयता कार्यान्वयनको सम्बन्धमा जर्मनीको अनुभव आदान प्रदान गरिएको थियो ।

वार्ताको सूरुमा जर्मनी सरकारको तर्फबाट Head of the Directorate for Asia Ms. Gisela Hammerschimidt तथा जर्मनीका लागि नेपालका राजदूत महामहीम श्री रमेश प्रसाद खनाल ले नेपाल र जर्मनीबीच कुटनैतिक सम्बन्ध स्थापना भएको ६० वर्ष पुगेको विषय स्मरण गर्दै द्वीपक्षीय सम्बन्ध तथा सहयोग अरु मजबुत हुने विश्वास व्यक्त गर्नु भएको थियो । उक्त वार्तामा नेपालको तर्फबाट अर्थ मन्त्रालयका सहसचिव श्री श्रीकृष्ण नेपालको नेतृत्वमा ६ सदस्यीय प्रतिनिधिमण्डल तथा जर्मनी सरकारको तर्फबाट आर्थिक सहयोग तथा विकास मन्त्रालयका दक्षिण एसिया महाशाखा प्रमुख Dr. Wolfram Klein को नेतृत्वमा १२ सदस्यीय प्रतिनिधिमण्डलको सहभागिता रहेको थियो ।

बर्लिन, २०७५ असोज ४ गते